जिल्ला समन्वय समितिको कार्यालय

फिदिम, पाँचथर

कोशी प्रदेश, नेपाल

प.सः२०८३/०८४

मितिः- २०८३/०८/०८

च.नः

ने.स. ११४७ कछलाथ्व पुन्हि

शिलबन्दी कोटेशन (Sealed Quotation) आह्वानको सूचना

दोस्रो पटक सूचना प्रकाशन भएको मिति २०८३/०८/०८ गते

जिल्ला समन्वय समिति,पाँचथरको स्वामित्वमा रहेको व्याडमिन्टन कभर्ड हल संचालनको लागि भाडामा दिनु पर्ने भएको हुँदा यो दोस्रो पटक सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा शिलबन्दी कोटेशन पेश गर्न इच्छुक संघ/संस्था/क्लबले शिलबन्दी कोटेशन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

तपसिल:

क्र.सं.	विरवण	न्युनतम मासिक भाडा रकम	फाराम दस्तुर	पेश गर्ने अन्तिम मिति
१	जि.स.स. पाँचथरको स्वामित्वमा रहेको कभर्डहल भाडामा दिने।	रु. ६५००/-	रु.१०००/-	२०८३/०८/२४ (१२:०० बजे भित्र जि.स.स.को कार्यालयमा)

सर्त वन्देजहरु:

१) सिलबन्दी प्रक्रियामा भाग लिन इच्छुक संघ/संस्था/क्लबले फारम खरिद गर्दा , संस्था/क्लव दर्ताको प्रमाण-पत्र, संस्था/क्लव दर्ता नविकरणको प्रमाण-पत्र, कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपी, मु.अ.कर/ पान दर्ता प्रमाण-पत्रको प्रतिलिपी, प्रदेश व्याडमिन्टन संघवाट मान्यता प्राप्त व्याडमिन्टन कोच सँगको कम्तिमा ३ (तीन) बर्ष को सम्झौता-पत्र, जिल्लावाट प्रदेश/राष्ट्रिय स्तरको खेलमा अनिवार्य सहभागिता जनाउने प्रतिबद्धता, जिल्लामा रहेका प्रतिभाहरुको लागि अनिवार्य तालिमको व्यवस्था र प्रस्ताव पेश गरेको निवेदन ।

२) सिलबन्दी प्रक्रियामा भाग लिन इच्छुक संस्था/क्लवले यो सूचना जारि गरेको मिति देखि मिति २०८३/०८/२३ गते कार्यालय समयभित्र सम्ममा यस कार्यालयमा सम्पर्क राखी रु १०००/- (एक हजार मात्र) फिर्ता नहुने गरी बुझाईएको सक्कलै भौचर पेश गरी वा नगदै वुझाई फाराम खरिद गर्न सकिनेछ। इच्छुक प्रस्तावदाताबाट मिति २०८३/०८/२४ गते १२:०० बजे भित्र आवश्यक कागजातको प्रति सहित प्रस्ताव पेश गर्न सकिनेछ र सोही दिन दिनको १:०० बजे यस कार्यालयमा निवेदक वा निवेदकको प्रतिनिधिको रोहबरमा सिलबन्दी प्रस्तावहरू खोलिनेछ। समय सिमा नाघेका प्रस्ताव मान्य हुनेछैन।

३) सिलबन्दी प्रस्ताव स्वीकृत गर्ने नगर्ने वा आंशिक स्वीकृत गर्ने सर्वाधिकार यस कार्यालयमा निहित रहनेछ।

४) सिलबन्दी प्रस्ताव खोल्ने मिति अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन उक्त कार्य हुनेछ।

५) यस सूचनामा उल्लेख नभएका कुराहरू सार्वजनिक खरिद ऐन २०६३ तथा प्रचलित ऐन तथा नियमावली बमोजिम हुनेछ।

.....

कृष्ण प्रसाद सुवेदी